नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## प्रेस-विज्ञप्ति

नेपालको संविधान अनुरुप संघीय शासन प्रणालीको महत्वपूर्ण अवयवको रुपमा रहेको स्थानीय तहको प्रभावकारी संचालन तथा व्यवस्थापनका लागि यस मन्त्रालयले सबै जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारीहरू तथा गाउँपालिका एवं नगरपालिकाका ७४४ जना कार्यकारी अधिकृतहरूका लागि ३ दिने सघन अभिमुखीकरण सात प्रदेश (विराटनगर, वर्दिवास, नगरकोट, पोखरा, नेपालगञ्ज, सुर्खेत र धनगढी) मा आजबाट एकैपटक शुभारम्भ भयो । प्रदेश नं ३ को कार्यक्रम मार्फत माननीय उप-प्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री कमल थापाले जनताको सदियौं देखिको चाहना बमोजिम जनताको अधिकार जनताकै घरदैलोमा पुगेको र सेवाको पहुँचलाई सुनिश्चित गर्दै पुर्नसंरचित स्थानीय तहको राजनीतिक तथा प्रशासनिक सू-संचालनका लागि ऐतिहासिक रुपमा प्राप्त अवसरलाई उपलब्ध साधन स्रोतको समन्वयात्मक तरिकाले सक्षमताका साथ परिचालन एवं व्यवस्थापनको संस्थागत तयारी गर्न निर्देशन दिनु भयो ।

संघीय प्रणालीको अवलम्बनमा विश्वका अन्य मुलुक भन्दा फरक र फराकिलो ढंगले स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाइ मौलिक मोडेल स्थापित गर्न समेत सफल भएको सन्दर्भमा राष्ट्रसेवक तथा सरोकारवालाहरू सवैले यो संवैधानिक र संरचनागत परिवर्तनमा आफ्नो सीप, कौशल र क्षमताको भरपूर उपयोग गरी वडा कार्यालय तथा गाउँपालिका र नगरपालिका कार्यालयहरूको आधुनिक स्वरुपमा स्थापित र संस्थापित हुने गरी कार्य गर्न समेत निर्देशन दिनु भयो । साथै स्थानीय तहको लागि आवश्यक कानून, मापदण्ड तथा साधनस्रोतको सरकारले प्राथमिकताका साथ व्यवस्था गर्दै जाने जानकारी समेत गराउनु भयो ।

सोही अवसरमा सचिव श्री केदार बहादुर अधिकारीले ७४४ वटै गाउँपालिका तथा नगरपालिकाहरु र ६,६८२ वडा कार्यालयहरू यथाशीघ्र संचालन गर्दै प्रविधिमैत्री सरकारको परिकल्पनालाई साकार गर्न दिगो प्रयास सुरु गरी स्थानीय तहको वृहत्तर जिम्मेवारीलाई निर्वाचित जनप्रतिनिधि बहाल नभएसम्म नयाँ परिवेशमा कार्य गर्न तथा मन्त्रालयले संघ, प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारी बमोजिम नतिजादायीरुपमा स्थानीय विकास अधिकारी तथा कार्यकारी अधिकृतहरुलाई स्थलगत रुपमा परिचालित रहन निर्देशन भयो । स्थानीय निकायको अभिलेख, सम्पति तथा दायित्वहरु स्थानीय तहलाई प्रशासनिक हस्तान्तरण गर्ने कार्य दक्षताका साथ सम्पन्न गर्दै जनता र राज्य दुबैका लागि महत्वपूर्ण अभिलेखहरुको संरक्षण गरी विकास निर्माण र दैनिक सार्वजनिक सेवा प्रवाहको निरन्तरताका लागि संक्रमणकालीन व्यवस्थापनमा गर्नुपर्ने कार्यहरुको विषयमा समेत प्रकाश पार्नु भयो ।

मिति २०७३।१२।१५

(मदन कोइराला)
सहायक प्रवक्ता